राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि, २०७६

नागरिक लगानी कोष

नयाँ बानेश्वर, काठमाडौं

नागरिक लगानी कोष

राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि, २०७६

µ संचालक समितिको मिति २०७६.११.१९ को निर्णय अनुसार संसोधन गरिएको ।

◊ संचालक समितिको मिति २०८०.११.१८ को निर्णय अनुसार संसोधन गरिएको ।

संचालक समितिको मिति २०८२.०८.२१ को निर्णय अनुसार संसोधन गरिएको । ("राष्ट्रिय बीमा संस्थान" को सट्टा "राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड" कायम गरिएको।)

निजामती सेवाका कर्मचारीहरू, सामुदायिक विद्यालयका शिक्षक कर्मचारीहरू, नेपाली सेनाका सैनिक कर्मचारीहरू, नेपाल प्रहरीका कर्मचारीहरू र सशस्त्र प्रहरी बलका कर्मचारीहरूको मासिक पारिश्रमिकबाट सावधिक जीवन बीमा कोषका लागि रकम कट्टा गरी त्यति नै रकम नेपाल सरकारबाट थप गरी दिएको रकमलाई संकलन गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।०८।०३ को निर्णयबाट स्वीकृत भएको **राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा संचालन कार्यविधि, २०७५** बमोजिम राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा बीमा प्रिमियम रकम पठाई बांकी मौज्दात रहेको रकमलाई अबकास कोष अन्तर्गत व्यवस्थापन गर्न नागरिक लगानी कोष ऐन, २०४७ को दफा १७ र नागरिक लगानी कोष व्यवस्थापन विनियमावली, २०४८ बमोजिम कोषको संचालक समितिले देहायको कार्यबिधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

१.१ यस कार्यविधिको नाम **"राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि, २०७६"** रहेको छ ।

१.२ यो कार्यविधि मिति २०७५ श्रावण १ देखि लागू हुनेछ ।

µ १.३ यो कार्यविधि राष्ट्रिय अनुसन्धान विभागका कर्मचारिहरुको हकमा २०७६ श्रावण १ गते देखी लागू हुनेछ ।

२. परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा:-

(क) "ऐन" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित नागरिक लगानी कोष सम्झनु पर्छ ।

(ग) "संचालक समिति" भन्नाले नागरिक लगानी कोषको संचालक समितिलाई सम्झनु पर्छ ।

(घ) "विनियमावली" भन्नाले नागरिक लगानी कोष व्यवस्थापन विनियमावली, २०४८ सम्झनु पर्छ ।

(ङ) "कार्यक्रम" भन्नाले नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि, २०७५ बमोजिमको सन्चालित यस कार्यक्रमलाई सम्झनु पर्छ ।

µ (च) " सहभागी " भन्नाले यस कार्यक्रममा रकम जम्मा गरी सहभागीको रुपमा दर्ता भएका निजामती, शिक्षक, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बलका कर्मचारीहरु एबं राष्ट्रिय अनुसन्धान विभागका कर्मचारिहरु र यस कार्यक्रममा रकम जम्मा गर्ने सावधिक जीवन बीमा योजनाको सुविधा पाउने सेवाको पदमा बहाल रहेको व्यक्तिलाई समेत सम्झनु पर्दछ ।

(छ) "प्रतिफल" भन्नाले कार्यक्रमका सहभागीहरूलाई संचालित कार्यक्रमबाट हुने आयबाट दिइने व्याज वा यस्तै अन्य कुनै रकम समेत सम्झनु पर्छ ।

µ (ज) "कर्मचारी" भन्नाले बीमा सुबिधा पाउने गरी नियुक्त भएका निजामती, शिक्षक, नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी बलका कर्मचारीहरु एबं राष्ट्रिय अनुसन्धान विभागका कर्मचारिहरु तथा सावधिक जीवन बीमा योजनाको सुविधा पाउने सेवाको पदमा बहाल रहेको व्यक्तिलाई सम्झनु पर्छ ।

(झ) "पारिश्रमिक" भन्नाले कर्मचारीले टाइमस्केल बमोजिम प्राप्त गर्ने तलबमानलाई जनाउने छ ।

(ञ) "कोष व्यवस्थापन उपसमिति" भन्नाले यस कार्यबिधिको दफा १८.४ बमोजिम गठित उपसमितिलाई सम्झनु पर्छ ।

(ट) "योगदान रकम" भन्नाले कार्यालयले राष्ट्रसेवकको मासिक तलबबाट जीवन बीमा कोष शुल्क वापत साविक रू.२००।-/२००।- र हाल रू.४००।-/४००।- मा सोही बराबर योगदान गरी जम्मा भएको रकमलाई सम्झनु पर्छ ।

µ (ठ) "कार्यालय" भन्नाले बीमा सुविधा पाउने गरी निजामती, शिक्षक, नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी बलका कर्मचारीहरु एबं राष्ट्रिय अनुसन्धान विभागका कर्मचारिहरु तथा सावधिक जीवन बीमा योजनाको सुविधा पाउने सेवाको पदमा बहाल रहेको व्यक्ति कार्यरत विभिन्न मन्त्रालय, विभाग, कार्यालयहरु तथा निकायहरु र सावधिक जीवन बीमा योजनाको सुविधा पाउने सेवाको पदमा बहाल रहेको व्यक्ति कार्यरत विभिन्न मन्त्रालय, विभाग, कार्यालयहरु तथा निकायहरु सम्झनु पर्छ ।

◊ (ड) "राष्ट्रसेवक" भन्नाले संघीय निजामती, प्रदेश निजामति सेवा, स्थानिय सेवा, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग, सामुदायिक विद्यालयका शिक्षक लगायत सम्पूर्ण सरकारी सेवाका पदमा रहेका कर्मचारी तथा सावधिक जीवन बीमा योजनाको सुविधा पाउने सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

µ (ढ) "बीमा कोष" भन्नाले निजामती सेवाका कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक, नेपाली सेनाका सैनिक, नेपाल प्रहरीका प्रहरी र शसस्त्र प्रहरी बल नेपालका प्रहरीहरु एबं राष्ट्रिय अनुसन्धान विभागका कर्मचारिहरु तथा सावधिक जीवन बीमा योजनाको सुविधा पाउने सेवाको पदमा बहाल रहेको व्यक्तिहरुका लागि सन्चालित बीमा कार्यक्रममा २०७५ श्रावण १ पहिले र पछि संकलित कोष रकमलाई सम्झनु पर्छ।

(ण) "संस्थान" भन्नाले राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ बमोजिमको राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडलाई सम्झनु पर्दछ ।

(त) "बीमाशुल्क" भन्नाले राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा गर्न राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडले उमेर अनुसार तोकेको वार्षिक बीमा प्रिमियम रकमलाई सम्झनु पर्छ ।

(थ) **"राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा संचालन कार्यविधि, २०७५"** भन्नाले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।०८।०३ को निर्णयबाट स्वीकृत भएको कार्यविधिलाई सम्झनु पर्दछ ।

३. कार्यक्रमको उदेश्य:

३.१ २०७५ श्रावण १ पछि मासिक तलबबाट सावधिक जीवन बीमाशुल्क बापत राष्ट्रसेवक कर्मचारीहरूले आफनो मासिक पारिश्रमिकबाट चार सय रूपैया कट्टी गरी त्यसमा नेपाल सरकारको तर्फबाट थपिने त्यतिनै रकम समेत गरी बार्षिक रू.९,६००।- संकलन गर्ने ।

३.२ सहभागी राष्ट्रसेवक कर्मचारीहरूले व्यक्तिगत रूपमा जम्मा गरेको बार्षिक बीमा शुल्क (प्रिमियम) वापत नपुग हुने थप बीमा शुल्क रकम संकलन गर्ने ।

३.३ प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले ७ (सात) दिनभित्र राष्ट्रसेवक कर्मचारीहरूका तर्फबाट बीमा कार्यक्रममा सरिक हुन वा नविकरण गर्न एकमुष्ठ बीमा शुल्क (प्रिमियम)रकम संस्थानमा बुझाउने।

३.४ २०७५ श्रावण १ भन्दा अगाडी देखि निजामती सेवाका कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक, नेपाली सेनाका सैनिक, नेपाल प्रहरीका प्रहरी र शसस्त्र प्रहरीबल नेपालका प्रहरीहरूका लागि कोषले बिगतमा संचालन गरेका बीमा कार्यक्रमहरूमा बीमा रकम बापत जम्मा भएको रकमबाट संस्थानलाई बीमा शुल्क बापत भुक्तानी पठाई बांकी रहेको मौज्दात रकमलाई कोषले यसै कार्यविधि अनुसार अबकास कोष सञ्चालन र व्यवस्थापन गर्ने ।

४. कार्यक्रममा सहभागिता :

४.१ नेपाल सरकारका हाल बहालवाला राष्ट्रसेवक कर्मचारीहरू यस कार्यक्रमका सहभागी हुनेछन् ।

४.२ २०७५ श्रावण १ गते भन्दा पहिले कोषद्वारा निजामती, नेपाली सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र सामुदायिक विद्यालयका शिक्षक कर्मचारीहरूका लागि संचालित जीवन बीमा कार्यविधिहरूद्वारा संकलित रकम मध्येबाट नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७५।८।३ को निर्णयद्वारा स्वीकृत "राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा संचालक कार्यविधि, २०७५" अनुसार संस्थानमा राष्ट्रसेवक कर्मचारीहरूको तर्फबाट सावधिक जीवन बीमा गर्न बीमा शुल्क (बीमा प्रिमियम)पठाई बाँकी मौज्दात रहेका बहालवाला राष्ट्रसेवक कर्मचारीहरू यस कार्यक्रममा स्वत: सहभागी हुने छन् ।

४.३ २०७५ साल श्रावण १ गतेपछि नयां नियुक्ति भएका र हुने राष्ट्रसेवक कर्मचारीहरू सहभागी हुनेछन् ।

µ ४.४ यस कार्यविधिका विभिन्न बुदाहरुमा निजामती सेवाका कर्मचारीहरु, सामुदायिक विद्यालयका शिक्षक कर्मचारीहरु, नेपाली सेनाका सैनिक कर्मचारीहरु, नेपाल प्रहरीका कर्मचारीहरु, र

शसस्त्र प्रहरी बलका कर्मचारीहरुका साथ राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरु तथा सावधिक जीवन बीमा योजनाको सुविधा पाउने सेवाको पदमा बहाल रहेको व्यक्तिलाई समेत समाबेश गरी सोहि बमोजिम कार्यान्वयन गरिने छ ।

μ ४.५ यस कार्यविधिका विभिन्न बुदाहरुमा उल्लेखित २०७५ असार मसान्त र २०७५ श्रावण १ गते उल्लेखित ठाउँहरुमा राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरुको हकमा कार्यान्वयन गर्दा यसै कार्यविधिमा भएको ब्यबस्था बमोजिम २०७६ असार मसान्त र २०७६ श्रावण १ गते हुने गरी कार्यान्वयन गरिने छ ।

५. कार्यक्रममा सहभागीताको प्रकिया :

५.१ २०७५ श्रावण १ गते भन्दा पछि नियुक्ति भएका राष्ट्रसेवक कर्मचारीहरूले यसैसाथ संलग्न अनुसूची १ बमोजिमको कर्मचारी परिचयपत्र भरी नियुक्तिपत्र बुझेको १ महिना भित्र आफु कार्यरत कार्यालयबाट प्रमाणित गराई कोषमा पठाउनु पर्नेछ ।

५.२ कोषले उपदफा ५.१ वा ५.३ बमोजिम दरखास्त प्राप्त भएपछि कर्मचारीको पूर्ण विवरण सहित सहभागी कर्मचारी सूचीमा सम्बन्धित कर्मचारीको नाम दर्ता गर्नेछ ।

५.३ सम्बन्धित कार्यालय मार्फत राष्ट्रसेवक कर्मचारीले अनुसूची (१) को विवरण सहित सहभागी परिचयपत्र बनाउन पेश गरेमा स्वयं कर्मचारीलाई परिचयपत्र कोषले बनाई दिनेछ ।

५.४ सहभागीको उमेरका कारणले मासिक कट्टी रकमबाट नपुग हुने वार्षिक बीमा शुल्क (बीमा प्रिमियम) रकम समेत थप गरी सम्बन्धित कार्यालय मार्फत वा सहभागीले ब्यक्तिगत रूपमा कोषले तोकेको बैंक खातामा रकम जम्मा गर्नु गराउनु पर्नेछ ।

५.५ यो बीमा कार्यक्रम सुरू भएपछि यस बीमा कार्यक्रममा राष्ट्रसेवक कर्मचारी सरिक हुने वा नबिकरण हुने मिति प्रत्येक आर्थिक बर्षको श्रावण १ गते हुने भएकोले आर्थिक बर्षको बिचमा नियुक्त हुने राष्ट्रसेवक कर्मचारीहरूले यस कार्यक्रममा आगामी आर्थिक बर्षको श्रावण १ गते देखि सरिक हुन चालु आर्थिक बर्षको असार महिनाको तेस्रो हप्ता भित्र आफुलाई आवस्यक पर्ने बार्षिक बिमा शुल्क रकम कोषमा दाखिला गरिसक्नु पर्नेछ।

◇५.६ उपदफा ५.५ बमोजिम दाखिला गर्नुपर्ने बार्षिक बिमा शुल्क रकम कोषमा दाखिला हुन नसकेमा त्यस्तो कर्मचारीको लागी आवस्यक पर्ने बार्षिक बिमा शुल्क जहिले सम्ममा कोषमा मौज्दात पुग्दछ त्यस पछिको श्रावण १ गते देखिमात्र निज राष्ट्रसेवक कर्मचारी यस सावधिक जीवन बीमा कार्यक्रममा सहभागी हुन पाउने छ।

५.७ यो कार्यक्रम शुरू भएपछि आर्थिक बर्षको विचमा नियुक्ति हुने राष्ट्रसेवकको हकमा नपुग हुने बार्षिक बीमा शुल्क र सो को विलम्ब शुल्कको रकम सम्बन्धित राष्ट्रसेवकले जम्मा गरी अघिल्लो शुरू मितिमा वा आगामी आर्थिक बर्षको श्रावण १ गतेबाट बार्षिक बीमा शुल्क तिरी यस कार्यक्रममा सरिक हुन सक्नेछन ।

६. सहभागी राष्ट्रसेवक र कार्यालयहरूको जिम्मेवारी र कर्तब्य

६.१ सहभागीको कार्यालयहरूले सहभागी कर्मचारीको प्रत्येक महिनाको मासिक पारिश्रमिकबाट कट्टा गरीने रू.४००/- र नेपाल सरकारको तर्फबाट थप गरीदिने रू.४००/- गरी मासिक जम्मा रू.८००/- (वार्षिक रू.९६००/-) र सहभागीको उमेरका कारणले उक्त

रकमबाट नपुग हुने बीमा शुल्क (बीमा प्रिमियम) रकम समेत थप गरी सहभागीले व्यक्तिगत रूपमा कोषले तोकेको बैंक खातामा रकम जम्मा गर्नु गराउनु पर्नेछ ।

६.२ उपदफा ६.१ बमोजिम कट्टी र थप गरेको रकम समेत जोडी पारिश्रमिक वितरण भएको ७ (सात) दिनभित्र कार्यालयले कोषले तोकी दिएको बैंक खातामा रकम जम्मा गर्नु पर्नेछ । आषाढ महिनाको कट्टी भने उक्त महिनाको तेस्रो हप्ताभित्र अनिवार्य रूपमा नागरिक लगानी कोषमा जम्मा गर्नु पर्नेछ ।

◊६.३ उमेर अनुसार कायम हुने बीमा शुल्कको फरक/थप रकम व्यक्तिगत रूपमा राष्ट्रसेवक कर्मचारीले एक वर्षको एकमुष्ठअसार मसान्त भित्र कम्प्यूटरमा आधारित सरकारी लेखा प्रणाली (Computerised Government Accounting System (CGAS)) वा कोषको अनलाईन फाँटवारी संकलन प्रणाली मार्फत अनलाईन फाँटवारी वा कोषले तोकेका बैंक खातामा दाखिला गरी सो को बैंक भौचर र फांटवारी सात दिनभित्र कार्यरत कार्यालय मार्फत कोषमा जम्मा गर्नुपर्नेछ।

६.४ कर्मचारीको कट्टी रकम कोषको खातामा जम्मा गराउनु कट्टी गर्ने सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ । यसरी जम्मा नगरेमा सम्बन्धित कार्यालयका लेखा प्रमुख र कार्यालय प्रमुख जिम्मेवार हुनेछन् ।

६.५ वेतलवी बिदा वा निलम्बन भएको अवस्थामा कर्मचारीले बार्षिक रूपमा लाग्ने बीमा शुल्क बापतको एकमुष्ट रकम कोषमा अग्रिम दाखिला गर्नुपर्नेछ ।

६.६ कर्मचारीको कट्टी रकम कोष वा कोषद्वारा तोकिएको बैंक खातामा रकम जम्मा नभएमा उक्त रकम प्रति कोषको कुनै दायित्व रहेने छैन।

◊६.७ सहभागी राष्ट्रसेवक कर्मचारीको उमेर अनुसार कायम हुने बीमा शुल्क कोषमा जम्मा नभई राष्ट्रिय जीवन बीमा कम्पनीमा दाखिला हुन नसकेको अवस्थामा सो बीमा योजनामा नयाँ सहभागी वा बीमा नवीकरण गराईने छैन । यस अवधिमा सहभागीको मृत्यू हुन गएमा निजको खातामा जम्मा भएको रकम मात्र भुक्तानी गरिने छ ।

७. सहभागीबाट जम्मा गर्नुपर्ने बार्षिक बीमा शुल्कको विवरण:

◊७.१ सम्वत् २०७५ साल आषाढ मसान्तसम्ममा पचास वर्षसम्म उमेरसमूहका राष्ट्रसेवक कर्मचारीहरूको लागी अनुसूची ४ बमोजिमका बार्षिक बीमा शुल्क कोषमा जम्मा गर्नु गराउनु पर्नेछ।

७.२ जुन मितिदेखि यस कार्यक्रममा सरिक हुने हो सो समयमा बीमा गर्ने कर्मचारीको उमेरको आधारमा दफा ७.१ अनुसारको बार्षिक विमा शुल्क लाग्ने छ ।

७.३ अर्को निर्णय नभएसम्म हाललाई पहिलो पटक बीमा कार्यक्रममा सहभागी हुंदा लाग्ने बीमा शुल्क नै बीमा अवधिभर सोही बराबरको बीमा शुल्क लाग्नेछ ।

८. कार्यालयले फांटवारी पठाउनुपर्ने:

◊८.१ यस कार्यक्रमको लागी रकम जम्मा गर्ने कार्यालयले कोषकट्टी रकम बैंकमा दाखिला गरी कम्प्यूटरमा आधारित सरकारी लेखा प्रणाली (Computerised Government Accounting System) वा कोषको अनलाईन फाँटवारी संकलन प्रणाली मार्फत पारिश्रमिक वितरण गरेको अनलाईन फाँटवारी वा अनुसूची २ बमोजिमको कोषकट्टी फांटवारी विवरण दुइ प्रति तयार गरी एक प्रति बैंक भौचर र एक प्रति फाटवारी सफ्टकपि सहित मासिक रूपमा रकम बैंक दाखिला गरेको सात दिनभित्र कोषमा पठाउनु पर्नेछ ।

◊८.२ हटाइएको।

८.३ कोषमा सहभागी कर्मचारीको नाममा प्रयाप्त रकम रहेको अवस्थामा निजले निवेदन दिएमा वा कोषले उपयुक्त देखेमा कोषमा निजको खातामा मौज्दात रहेको रकम मध्येबाट कोषले सो अवधिको बीमा शुल्क रकम संस्थानमा जम्मा गरिदिन सक्नेछ ।

८.४ सरूवा हुँदा सरूवाको जानकारी मासिक रूपमा पठाउने फाँटवारीको कैफियतमा उल्लेख गरी कोषलाई दिनुपर्नेछ ।

९. कोषमा जम्मा भएको रकममा प्रतिफल दिने संम्बन्धमा:

◊९.१ यस कार्यक्रममा सहभागी कर्मचारीबाट वार्षिक बीमा शुल्क (बीमा प्रिमियम) बापत जम्मा भएको रकम मिति २०७५/०४/०१ देखि कर्मचारीको प्रत्येक महिनाको मासिक पारिश्रमिकबाट कट्टा गरीने चार सय रूपैया र नेपाल सरकारको तर्फबाट थप गरी दिने चार सय रूपैया गरी मासिक जम्मा आठ सय रूपैया ले वार्षिक नौ हजार छ सय रूपैयाँ मा उमेर समुह अनुसार आवश्यक पर्ने थप वार्षिक बीमा शुल्क (बीमा प्रिमियम) रकम सहभागी कर्मचारीले निजको कार्यालयबाट अनलाईन प्रणाली मार्फत दाखिला गरेको वा निजको खातामा मौज्दात रहेको रकम मध्येबाट थप गरिदिन सकिने अवस्था रहेमा थप गरिदिई अर्को आर्थिक वर्षका लागि वार्षिक बीमा प्रिमियम कम्पनीमा पठाइनेछ ।

९.२ सहभागीको वार्षिक बीमा शुल्क संस्थानमा पठाई बाँकी रहेको मौज्दात रकममा यस कार्यक्रमको कोष व्यवस्थापन उपसमितिले तोकेबमोजिमको बार्षिक प्रतिफल बितरण गरिनेछ । त्यसरी बितरण गरिने प्रतिफल कोषले लगानी गरी प्राप्त आम्दानीबाट खर्चहरू घटाई हुन आउने खुद वितरण योग्य (खुद बचत) रकमबाट समानुपातिक रूपमा वितरण गरिनेछ ।

९.३ प्रत्येक वर्ष उपदफा ९.२ बमोजिम सहभागी कर्मचारीले पाउने प्रतिफल आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र निजहरूको सम्बन्धित खातामा जम्मा गरिनेछ ।

९.४ कोषले यस कार्यक्रममा सहभागी कर्मचारीको रकमको छुट्टाछुट्टै हिसाव देखिने गरी अभिलेख अद्यावधिक गरी प्रत्येक बर्षको हिसाव किताबको विवरण (Statement) सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउनु पर्नेछ ।

१०. आम्दानीको श्रोत :

२०७५ श्रावण १ भन्दा पहिले सहभागी राष्ट्रसेवक कर्मचारीहरूको यस कार्यक्रममा मौज्दात रहेको रकम लगानी गरी कोषले आर्जन गरेको आय, लाभांश, व्याज र नेपाल सरकारबाट प्राप्त हुने सोधभर्ना रकम कार्यक्रमको आम्दानीमा समावेश हुनेछ ।

११. बीमा कोषको खर्चहरू:

११.१ देहायका खर्चहरूलाई बीमा कोष संचालन खर्चहरूमा समावेश गरिने छ ।

(क) बीमा कोष संचालन गर्ने क्रममा भएका पूर्व संचालन खर्चहरू ।

(ख) बीमा कोष परिचालन गर्दा लाग्ने कमिशन, शूल्क वा अन्य प्रत्यक्ष खर्चहरू ।

(ग) दफा १३.१ बमोजिमको कोष व्यवस्थापन शूल्क ।

(घ) लेखापरीक्षकको पारिश्रमिक र अन्य खर्चहरू ।

११.२ यस कार्यविधि बमोजिमको आम्दानी र भुक्तानी यसै कोषबाट गरिने छ ।

१२. सहभागीहरूको हिसावबाट न्यून गरिने :

१२.१ सहभागी कर्मचारीहरूको सावधिक जीवन बीमाको लागि पठाइने वार्षिक बीमा शुल्क (प्रिमियम) संस्थानलाई पठाई निजहरूको नाममा यस कार्यक्रममा रहेको खाताबाट न्यून गरिने छ।

१२.२ उपदफा १२.१ अनुसार संस्थानलाई पठाइएको रकमको विवरण छुट्टै राख्नु पर्नेछ ।

१३. बीमा व्यवस्थापनको सेवा शुल्क :

१३.१ २०७५ श्रावण १ भन्दा पहिले सहभागी राष्ट्रसेवक कर्मचारीहरूको यस कार्यक्रममा मौज्दात रहेको रकमलाई लगानी गरी कोषले आर्जन गरेको आय, लाभांश, व्याज आम्दानीबाट कोषले यस कार्यक्रमको व्यवस्थापन गरेबापत सेवा शुल्क स्वरूप यस कार्यक्रमको कूल कोष रकमको ०.५% ले हुने रकम वा बार्षिक कूल आय (Gross Income) को २०% ले हुने रकम मध्ये जुन घटी हुन्छ कोषले बार्षिक कट्टी गरि लिनेछ।

१३.२ कोषले २०७५ श्रावण १ गते देखी राष्ट्रसेवकहरूको सावधिक जीबन बीमा योजना कोषको व्यवस्थापन गरे बापत सेवा शुल्क स्वरूप बिमा शुल्क बापत संकलन भएको कूल रकमको ०.५ प्रतिशत (शुन्य दशमलव पााच प्रतिशत) बराबरको रकम कोषले बार्षिक आयबाट कट्टा गरि लिन सक्नेछ ।

स्पष्टिकरण: यस उपदफा प्रयोजनको लागी :-

क) "वार्षिक आय" भन्नाले बिमाशुल्क बापत सहभागीहरूबाट कोषमा दाखिला गरेको रकमलाई बुझाउने छ ।

१३.३ उपदफा १२.२ अनुसार को सेवा शुल्क संस्थानलाई बीमा शुल्क बापत रकम पठाउंदा कट्टी गरी कोषले आम्दानीमा जनाउनेछ ।

१३.४ २०७५ श्रावण १ गते देखी राष्ट्रसेवकहरूको सावधिक जीवन बीमा योजनामा बीमा शुल्क बापत जम्मा भएको संकलित रकमको लगानीबाट भएको आयलाई कोषले आम्दानीमा जनाउनेछ ।

१४. कार्यक्रममा जम्मा भएको रकम सहभागी कर्मचारीलाई भुक्तानी दिने :

◊१४.१ सहभागी कर्मचारीहरूले देहायका अवस्थामा यस कार्यक्रममा जम्मा भएको रकम अनुसूची ३ बमोजिमको फारम भरी भुक्तानी पाउने छन् :

(क) कर्मचारी सेवाबाट निबृत्त भएमा वा सेवामा नरहेमा,

(ख) कर्मचारीको मृत्यु भएमा ।

यस कार्यक्रममा जम्मा भएको रकम भुक्तानी लिन सहभागी कर्मचारीले देहाएका कागजातहरू पेश गर्नु पर्नेछ :

क) अनुसूची ३ बमोजिमको फाराम

ख) पेन्सनपट्टाको प्रतिलिपी वा उपदानपत्रको प्रतिलिपी वा सेवामा नरहेको व्यहोरा उल्लेख भएको सम्बन्धित कार्यालयको पत्र

ग) अनुसूची १ वमोजिमको सक्कल परिचयपत्र वा नागरिकता को प्रतिलिपी

घ) सहभागीको मृत्यु भएको रहेछ भने मृत्युदर्ता प्रमाणपत्र र ईच्छाईएको भए ईच्छाईएको व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा नजिकको हकवाला संगको नाता प्रमाणित गर्ने सम्बन्धित वडा कार्यालयको पत्र पेश गर्नुपर्नेछ ।

१४.२ यस कार्यक्रममा सहभागी कर्मचारी मध्ये २०७५ आषाढ मसान्तसम्ममा सेवा निबृत भएका वा मृत्यु भएका सहभागी कर्मचारीलाई दफा १५.मा भएको व्यवस्था बमोजिमको कोषबाट बीमा रकम भुक्तानी दिइनेछ ।

१४.३ कुनै कर्मचारीको यस कार्यक्रममा जम्मा भएको रकम भुक्तानी नलिदै मृत्यु भएमा निजको नाममा रहेको रकम निजले कसैलाई इच्छाएको रहेछ भने इच्छाईएको व्यक्तिलाई र कसैलाई पनि इच्छाएको रहनेछ भने सो कर्मचारीको परिवारको सदस्य मध्ये कानून बमोजिम नजिकको हकवालालाई भुक्तानी दिइनेछ ।

१४.४ सहभागी कर्मचारीले राजिनामा दिएको वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त भएको अवस्थामा पनि कर्मचारीले नीजको नाममा यस कार्यक्रममा जम्मा भएको रकम र त्यस रकममा पाकेको प्रतिफल समेत पाउनेछ ।

०१४.५ हटाइएको।

१४.६ सेवा अवधिमै मृत्यु भएका कर्मचारीको हकमा उपदफा १४.३ बमोजिम बााकी रकम पाउने व्याक्तिले सम्बन्धित कार्यालयले प्रमाणित गरिदिएको कागजात पेश गर्नु पर्नेछ ।

१४.७ २०७५ श्रावण १ गतेपछि राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा सम्बन्धी भुक्तानी संस्थानबाट हुनेछ ।

१५. सहभागी कर्मचारीले पाउने सुबिधाः

१५.१ २०७५ आषाढमसान्त भित्र कोषमा रकम कट्टा गर्न शुरू गरेको बीस बर्ष अवधि नपुगी कुनै कर्मचारीको २०७५ आषाढमसान्तभित्र मृत्यु भई भुक्तानी माग दावी गरेमा निजको परिवारले एक लाख रूपैयाा पाउनेछ । तर, कार्यरत अवधिमा बीमा बापत कट्टी गर्नुपर्ने रकम सबै जम्मा नगरेको भएमा बााकी अवधिको रकम कट्टा गरी समानुपातिक रूपमा भुक्तानी गरिनेछ ।

१५.२ यस कार्यक्रममा २०७५ आषाढ मसान्तसम्म सहभागी भई संस्थानमा पठाउनु पर्ने बीमा शुल्क (प्रिमियम रकम) नपुग भएका सहभागीको मृत्यु भएमा नीजको हकवालाले पनि एक लाख रूपैंया पाउनेछ । तर, कार्यरत अवधिमा बीमा बापत कट्टी गर्नुपर्ने रकम सबै जम्मा नगरेको भएमा बाकी अवधिको रकम कट्टा गरी समानुपातिक रूपमा भुक्तानी गरिनेछ ।

१५.३ यो कार्यविधि लागु भए पश्चात सहभागी भएका कर्मचारीहरूमध्ये संस्थानले उमेर अनुसार तोकेको बार्षिक बीमा शुल्क (प्रिमियम रकम) भन्दा कम जम्मा भएको र कोषको मौज्दातमा नीजहरूको नाममा प्रर्याप्त रकम जम्मा नभएका कर्मचारीहरूको मृत्यु भएमा निजको हकवालालाई नीजको नाममा जम्मा भएको रकम भुक्तानी दिइनेछ ।

१५.४ २०७५ आषाढ मसान्त भन्दा अगाडी नै कोष कट्टी गरेका कर्मचारीको २०७५ आषाढ मसान्त भन्दा अगाडी नै अनिवार्य अवकाश भएको खण्डमा निम्न बमोजिमको रकम प्रदान गरिनेछ ।

(क) एक बर्षभन्दा कम अवधिको रकम कट्टी गरिएको भएमा दश हजार रूपैया,

(ख) एक बर्षदेखि पांच बर्ष सम्म रकम कट्टी गरिएको भएमा पच्चीस हजार रूपैया,

(ग) पांच बर्ष देखि दश बर्षसम्म रकम कट्टी गरिएको भएमा पचास हजार रूपैया,

(घ) दश बर्ष देखि पन्ध्र बर्षसम्म रकम कट्टी गरिएको भएमा पचहत्तर हजार रूपैया र

(ङ) बीस बर्षसम्म रकम कट्टी गरिएको भएमा एक लाख रूपैया ।

तर, निजले जम्मा गरेको रकम र सो को ब्याज, लाभांश रकम उल्लेखित रकम भन्दा बढी हुन आएमा सोही बराबरको रकम उक्त कोषबाट सहभागीलाई प्रदान गरिनेछ ।

◊१५.५ कोषको डाटावेसका कारण वा भुलबस सहभागी कर्मचारीले कोषको बैंक खातामा जम्मा गरिसकेको रकम राष्ट्रिय बीमा कम्पनीमा बिवरण र बिमा शुल्क पठाउन छुट भएको व्यहोरा कोषले बिवरण अध्यावधिक गर्ने क्रममा पत्ता लागेको खण्डमा कुनै कर्मचारी यस कार्यक्रममा सहभागी हुनुपर्ने कर्मचारीको मृत्यु भएको खण्डमा रू. दुईलाख रकम भूक्तानी दिईने छ ।

सो प्रयोजनको लागि एक कोषको व्यवस्था गरिनेछ। त्यस्तो कोष खडा गर्दा कोष व्यवस्थापन उपसमितिको सिफारिशमा यस कार्यक्रमले प्राप्त गर्ने व्यवस्थापन शुल्क वा आर्जन गर्ने नाफाबाट आवश्यक रकम छुट्टाइनेछ ।

१६. **कोष रकमको लगानी** : यस कार्यक्रम अन्तर्गत प्राप्त भएको रकमलाई कोषको लगानी नीति, २०७५ बमोजिम लगानी गरिने छ ।

१७. कोष रकमको लेखा:

१७.१ यस कार्यक्रम अन्तर्गत प्राप्त हुने रकम र सो को लगानी एवं लगानीबाट प्राप्त प्रतिफल समेतलाई समावेश गरी यस कार्यक्रम अन्तरगतको हिसाब किताब छुट्टै देखिने गरी लेखा राखिनेछ ।

१७.२ यस कार्यक्रममा सहभागी प्रत्येक कर्मचारीले जम्मा गरेको रकममध्येबाट संस्थानलाई बीमा शुल्क बापत पठाइएको रकम र कोषबाट प्रदान गरीएको प्रतिफल समेत देखिने गरी कर्मचारीगत विवरण सहितको हिसाब राखिनेछ ।

१७.३ लेखा Accrual Basis मा राखिनेछ ।

१८. यस कार्यक्रमको व्यवस्थापन :

१८.१ कोषद्वारा २०७५ श्रावण १ गते भन्दा अगाडी देखि संचालन गरिरहेका निजामती सेवाका कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक, नेपाली सेनाका सैनिक, नेपाल प्रहरीका प्रहरी र शसस्त्र प्रहरी बल नेपालका प्रहरीहरूका लागि संचालित बीमा कार्यक्रमहरूलाई एकिकृत रूपमा संचालन एवं व्यवस्थापन गर्न अबकास कोषको रूपमा एक बीमा कोष खडा गरिने छ ।

१८.२ यस कार्यक्रमको संचालन तथा व्यवस्थापन नागरिक लगानी कोष ऐन, २०४७ को दफा १७, व्यवस्थापन बिनियमावली २०४८ र राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा संचालन कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

१८.३ यस कार्यक्रमको आफ्नो छुट्टै कोष (फण्ड) हुनेछ । सो कोष (फण्ड) को संचालन गर्दा नागरिक लगानी कोषले न्यासधारी (ट्रष्टी) को हैसियतले सेवाहरू उपलब्ध गराउनेछ ।

१८.४ यस कार्यक्रम अन्तर्गत बीमा कोषको रेखदेख संचालन र दक्ष व्यवस्थापनको निमित्त एउटा छुट्टै कोष व्यवस्थापन उपसमिति देहाय बमोजिम गठन गरीनेछ ।

(क) कोषको संचालक समितिले तोकेको एकजना संचालक	संयोजक
(ख) कोषको कार्यकारी निर्देशक	सदस्य

(ग) नेपाल सरकार, अर्थ मन्त्रालयले मनोनयन गरेको प्रतिनिधि एकजना — सदस्य

(घ) सहभागीहरूको अभिलेख राख्ने सम्बन्धित कार्यालयको प्रतिनिधि एकजना — सदस्य

(ङ) कोषको यो कार्यक्रम हेर्ने विभागीय प्रमुख — सदस्य

(च) कोषको यो कार्यक्रम हेर्ने महाशाखा/शाखा प्रमुख — सदस्य सचिव

◊(छ) आवश्यकता अनुसार सहभागी कार्यालयका विज्ञहरूलाई आमन्त्रित सदस्यमा आमन्त्रण गर्न सकिनेछ ।

१९. कोष व्यवस्थापन उपसमितिको काम, कर्तव्य र अधिकार :

(क) कोषको लगानी नीति २०७५ बमोजिम यस कार्यक्रमको रकम परिचालन गर्ने ।

(ख) यस कार्यक्रमको हिसाव किताव राख्ने सम्बन्धमा नीतिहरू निर्धारण गर्ने ।

(ग) कार्यक्रमको हिसाव किताव राख्ने, राख्न लगाउने र सोको सुरक्षाको व्यवस्था गर्ने ।

(घ) कार्यक्रम अन्तर्गत भएको लगानीको निरन्तर अनुगमन गर्ने र मार्गनिर्देशन दिने ।

(ङ) बीमा कोष कार्यक्रमको दायित्व निर्धारण गर्ने र वासलात तथा नाफा नोक्सान हिसाव एवं वित्तीय विवरणहरू प्रमाणित गर्ने/स्वीकृत गर्ने ।

(च) कार्यक्रमको लेखापरीक्षण गराउने र लेखापरीक्षणबाट औल्याइएका कैफियतहरू नियमित गराई फरफारक गर्ने ।

(छ) कार्यक्रम अन्तर्गत प्राप्त भएको आम्दानी बांडफांड गर्न प्रतिफल बितरण सम्बन्धी आवश्यक निर्णय गर्ने ।

(ज) कार्यक्रमको प्रगति विवरणहरू प्रकाशित गर्ने ।

(झ) प्रतिफल र बार्षिक व्याजदर निर्धारण गर्ने ।

(ञ) कार्यक्रमको संचालनको लागि अनुसूचीहरूमा आवश्यकता अनुसार थप घट/परिमार्जन र परिवर्तन गर्ने ।

(ट) कोषको संचालक समितिले तोकिदिएका अन्य कार्यहरू गर्ने ।

२०. कोष व्यवस्थापन उपसमितिको बैठक:

(क) उपसमितिको बैठक उपसमितिका अध्यक्षले बोलाउनेछन् ।

(ख) उपसमितिको बैठक एक आर्थिक बर्षमा कम्तिमा ६ पटक बस्नेछ ।

(ग) बैठकमा भाग लिएबापत उपसमितिका अध्यक्ष र सदस्यहरूलाई कोषको संचालक समितिको सदस्यले पाए सरहको बैठक भत्ता प्रदान गरिनेछ ।

(घ) उपसमितिको बैठकमा ४ जना सदस्यको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

(ङ) बैठकको निर्णयमा मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

२१. आय भन्दा व्यय रकम बढी भएको अवस्थाको व्यवस्थापन:

"सावधिक जीवन बीमा संचालन कार्यविधि, २०७५" लागू हुनुभन्दा अघि देखि कोषले संचालन गरिरहेका बीमा कार्यक्रमहरूमा सहभागीहरूलाई बीमाङ्क रकम प्रदान गर्दा सम्बन्धित कर्मचारीको नाममा जम्मा भएको रकम भन्दा बढी रकम प्रदान गरिएकोमा सो रकम कोषको हिसावमा नेपाल सरकार अर्थ मन्त्रालयको नाममा पाउनुपर्ने रकम (रिसिभिएवल) को रूपमा लेखांकन गरिनेछ । यस्तो रकमलाई बीमा कोषको कूल आम्दानीबाट सम्पूर्ण खर्चहरू (प्रतिफल, व्यवस्थापन शुल्क, संचालन खर्च आदि) घटाई हुन आउने बचत रकमबाट कट्टा गर्दै लगिने छ । यसरी कट्टा गर्दै जाँदा मिलान हुन नसकेको रकम नेपाल सरकार अर्थ मन्त्रालयको सहमति अनुसार सोधभर्ना लिइनेछ ।

२२. **लेखापरीक्षण:** यस कार्यक्रमको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट नियुक्त भई आउनु भएका लेखापरीक्षक (चार्टर्ड एकाउण्टेण्ट) बाट गराइने छ ।

२३. **कार्यक्रम सम्बन्धी अन्य व्यवस्था:** यस कार्यविधिमा लेखिए बाहेक यस कार्यक्रम सम्बन्धी अन्य व्यवस्था ऐन, विनियमावली र प्रचलित कानून बमोजिम हुनेछ ।

२४. **नेपाल सरकारको अधिकार:** बीमा कोष संचालनका लागि नेपाल सरकार अर्थ मन्त्रालयले कोषलाई आवश्यक निर्देशन एवं सुझाव दिन सक्नेछ ।

२५. **कोषले शर्तहरूमा परिवर्तन गर्न सक्ने:**

२५.१ कोष व्यवस्थापन उपसमितिको सिफारिसमा कोषको संचालक समितिले यस कार्यविधिका शर्तहरू थपघट गर्न वा परिवर्तन गर्न सक्नेछ । त्यसरी थपघट वा परिवर्तन गरिएका शर्तहरू यस कार्यविधिको अभिन्न अंग मानिनेछ ।

◊२५.२ उपदफा २५.१ बमोजिम थपघट वा परिवर्तन गरिएका शर्तहरू कोषले सहभागिहरूको जानकारीको लागि राष्ट्रियस्तरका दैनिक पत्रपत्रिकामा प्रकाशित गर्नेछ र कोषको वेवसाईटमा समेत राख्नेछ ।

२६. **बाधा अड्काऊ फुकाउ:** यस कार्यविधि अनुसार काम कार्यबाही गर्दा कुनै समस्या वा बाधा आई परेमा समितिले समस्याको समाधान गर्न बाधा अड्काऊ फुकाउन सक्नेछ ।

२७. **खारेजी र बचाउ:**

µ२७.१ नेपाली सेनाका सैनिक व्यक्तिहरुको सावधिक जीवन बीमा कोष संचालन कार्यविधि,२०७०, सामुदायिक बिद्यालयका शिक्षकहरुको जीवन बीमा कोष संचालन कार्यविधि,२०६४, नेपाल प्रहरीका प्रहरी कर्मचारीहरुको सावधिक जीवन बीमा कोष संचालन कार्यविधि, २०७२, सशस्त्र प्रहरी कर्मचारीहरुको सावधिक जीवन बीमा कोष संचालन कार्यविधि, २०७२ र निजामती सेवाका कर्मचारीहरुको बीमा कोष संचालन कार्यविधि २०६५ एवं राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरुको साबधिक जीबन बीमा कोष संचालन कार्यविधि २०७३ खारेज गरीएको छ ।

◊२७.२ उपदफा (१) बमोजिम खारेज भएका कार्यविधि बमोजिम भए गरेका काम कार्यबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

नागरिक लगानी कोष

(नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत स्थापित)

नयाँबानेश्वर, काठमाडौं **सिटरोल नं.........**

राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन,२०७६"

नागरिक लगानी कोष(सा.जी.बी.)प.प.नं.: ....

कर्मचारीको नाम, थर : ....लि ....

Name (IN BLOCK LETTER): ....

फोटोमा समेत पर्नेगरी दस्तखत

पद (पेशा) : ....

जन्म मिति: ....

स्थायी नियुक्ती मिति: ....स्थायी नियुक्ती हुदाको उमेर ....बर्ष

बिमाङ्क रू. ....बार्षिक बिमाशुल्करू............सा.जी.बिमा शुरूमिति ....

ना.प्र.प.नं : .... जारी भएको जिल्ला: ....

बाबुको नाम: ....

बाजेको नाम: ....

स्थायी ठेगाना: ....

कार्यालयको नाम: ....

कार्यालयको ठेगाना: ....

दाया	बाया
कर्मचारीको औंठाको छाप	

कर्मचारीको दस्तखत: ....

प्यान नं. .... मोबाईल नं. ....

सम्बन्धित कार्यालयले प्रमाणित गर्ने:

उल्लेख गरे अनुसार सम्बन्धित सहभागीको विवरणहरू र निजको दस्तखत ठिक सांचो हो भनी प्रमाणित गरीएको छ ।

प्रमाणित गर्ने कार्यालय प्रमुखको सही:

नाम: ....

दर्जा : ....

मिति: ....

कार्यालयको छाप:.......

नागरिक लगानी कोषको अधिकृतको सही : ....

मिति: ....

नागरिक लगानी कोषको छाप:

इच्छाइएका व्याक्तिको नाम,थर : ....

नाता :............ना.प्र.प.नं : ....

स्थायी ठेगाना: : ....

बाबुको नाम: ....

इच्छाइएको व्याक्तिको दस्तखत : ....

मोबाईल नं. ....

इच्छाइएको व्यक्तिको फोटो

दाया	बाया
इच्छाइएको व्यक्तिको औंठाको छाप	

अनुसूची २

नागरिक लगानी कोष

नयांबानेश्वर, काठमाडौं ।
फोन नं.: ४७८५३२१, ४७८५३२२
फ्याक्स नं. ४७८४९४५

राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन,२०७६

राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा कोष कट्टी फाँटवारी नमूना

मिति:
बीमा कट्टी गर्ने कार्यालयको नाम:
कार्यालयको फोन नं.:
ठेगाना तथा छाप:
कोष कट्टी साल र महिना:
कार्यालयको कोड:
बैंक दाखिला मिति:
बैंक दाखिला रकम:
रकम दाखिला गरेको बैंकको नाम:

श्री नागरिक लगानी कोष
नयांबानेश्वर, काठमाडौं ।

यस कार्यालयका निम्न सहभागी कर्मचारीहरूको बीमा रकम कट्टा गरी फाँटवारी र बैंक दाखिला भौचर समावेश गरी आवश्यक कार्यार्थको लागि पठाइएको छ ।

सि. नं.	पद	नाम, थर	सिटरोल नं.	नागरिक लगानी कोष बीमा परिचयपत्र नं.	बीमा बापतको कट्टी रकम				कोड	कैफियत
					मासिक तलबबाट कट्टी रकम रू.	मासिक तलबबाट थप कट्टी रकम रू.	नेपाल सरकारको तर्फबाट थप रकम रू.	जम्मा कट्टी रकम रू.		
		जम्मा								

....	....	....
तयार गर्ने	**लेखापाल**	**सदर गर्ने कार्यालय प्रमुख**
मोबाइल नं.	**मोबाइल नं. ....**	**मोबाइल नं. ....**

नोट: प्रत्येक सहभागीको परिचय पत्र नं. र कार्यालय कोड नं. प्रथमपटक कोषले प्रदान गर्नेछ । त्यसपछि कार्यालयले भर्नुपर्नेछ । नयाँ सहभागी र सरूवा भई आएका कर्मचारीहरूको सम्बन्धमा कैफियतमा जनाउँनुहोला । अन्यथा हिसाव फरक पर्न सक्नेछ ।

अनुसूची ३

नागरिक लगानी कोष

नयाँबानेश्वर, काठमाडौ

(राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि, २०७६" को रकम फिर्ता माग गर्नेले भर्ने आवेदन)

मिति: ....

बिषय: सावधिक जीवन बीमाकट्टी जम्मा रकम भुक्तानी पाउँ ।

महोदय,

म .... नेपाल सरकार .... को सेवाबाट अवकास लिएको/राजिनामा गरेको हुँदा म बहाल हुँदा तलबबाट बीमा कट्टी भई जम्मा भएको सम्पूर्ण बीमा कोष कट्टी रकम र सोमा आजको मिति .... सम्म आर्जित व्याज समेतको रकम नियमानुसार भुक्तानी पाउनु अनुरोध गर्दछु ।

१. सहभागी कर्मचारीको नाम: ....

२. ठेगाना: क) स्थायी .... अञ्चल .... जिल्ला ....
गा.बि.स./न.पा................................. वार्ड नं. ....
(ख) हालको .... अञ्चल .... जिल्ला ....
गा.बि.स./न.पा. .... वार्ड नं. ....

३. बाबुको नाम: ....४. बाजेको नाम: ....

५. कोष कट्टी गरीएको कार्यालयहरूको विवरण:

सि.नं	कार्यालयको नाम	ठेगाना	कोड	बीमा कोषकट्टी मिति		कैफियत

६. नागरिक लगानी कोष बीमा कोष बाहेक अन्य अवकास कोष भुक्तानी बापत जम्मा रकम रू. .... लिएको छु।

७. उपरोक्त व्यहोरा ठीक साँचो हो झुट्ठो ठहरे ऐन कानून बमोजिम सहुँला बुझाउँला भनी सही गर्ने:

औंठाको छाप

दाया	बाया

सहभागीको नाम: ....

साविक पद: ....

बीमा परिचय पत्र नं.: ....

दस्तखत: ....

सम्पर्क मोवाइल नं.............

प्यान नं.

<u>कोषले भर्ने</u>

(दर्ता फाँट)

दर्ता मितिः ....दर्ता नं. ....दर्ता गर्नेको दस्तखतः ....

सम्वन्धित् बीमा शाखाले भर्ने :

श्री हिसाव फााट,

निम्नानुसार भुक्तानी गरीदिनु होला ।

१) भुक्तानी पाउनेको नामः .... २) संकेत नं. ....

३) साावा रू. ....मिति..................सम्मको व्याजरू. ....

जम्मा रू. .... (अक्षरेपी ....)

....	....	....	....
पेश गर्ने	जाच गर्ने	सिफारिश गर्ने	सदर गर्ने

..............................बैंक उपर खिचिएको नं. .... को चेकबाट उपरोक्त बमोजिमको रकम भुक्तानी प्राप्त भयो ।

औठाको छाप

दायाा	बााया

....

रकम बुझ्नेको दस्तखत

मोवाइल नं....................

प्यान नं. ....

मितिः ....

अनूसुची ४

दफा ७.१ संग सम्बन्धित

सहभागीको उमेर समुह	बीमा अवधि (बर्ष)	बार्षिक बीमाशुल्क (रू.)	सहभागीको उमेर समुह	बीमा अवधि (बर्ष)	बार्षिक बीमाशुल्क (रू)
५० बर्षसम्म	२० वर्ष	९,६००।-	५५ बर्ष	१५ बर्ष	१२,८००।-
५१ बर्ष	१९ वर्ष	१०,१०५।-	५६ बर्ष	१४ बर्ष	१३,७१४।-
५२ बर्ष	१८ वर्ष	१०,६६७।-	५७ बर्ष	१३ बर्ष	१४,७६९।-
५३ बर्ष	१७ वर्ष	११,२९४।-	५८ बर्ष	१२ बर्ष	१६,०००।-
५४ बर्ष	१६ वर्ष	१२,०००।-	५९ बर्ष	११ बर्ष	१७,४५५।-